काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www .kankrebihar .com

राष्ट्रिय दैनिक



❐ वर्ष : २६ ❐ अंक : ३९ ❐ मंगलवार, १७ कात्तिक, २०८३ ❐ Tuesday, 3 Nov 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

६ प्रदेशका अर्थमन्त्रीको भेला सम्पन्न



❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, १६ कात्तिक

कर्णाली प्रदेशको राजधानी सुर्खेतको वीरेन्द्रनगरमा ६ प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रीहरुको भेला सम्पन्न भएको छ ।

सोमबार आर्थिक मामिला तथा योजना मन्त्रालय कर्णाली प्रदेशको आयोजनामा प्रदेश आर्थिक मामिला परिषद्को बैठक सम्पन्न भएको हो । बैठकमा भाग लिन सुदूरपश्चिमका अर्थमन्त्रीबाहेक ६ प्रदेशका अर्थमन्त्री र सचिवहरू वीरेन्द्रनगर आएका थिए ।

बैठकमा संविधानको मर्मअनुसार वित्तीय संघीयतालाई तीनै तहका सरकारसँग कसरी तादाम्य मिलाउन सकिन्छ भन्ने विषयमा वृहत् छलफल भएको थियो । प्रदेशहरुको आन्तरिक आय, राजस्व तथा अन्य बाँडफाँट, अन्तर तह वित्तीय हस्तान्तरणको हालको मोडालीटी कार्यान्वयन, चुनौती, सुधारका क्षेत्रहरुका बारेमा छलफल भएको थियो ।

वित्तीय प्रभावकारिता, पुँजीगत खर्चमा सुधार तथा चालु खर्चमा मितव्यीता, प्रदेशको कार्यक्षेत्र, कार्य विस्तृतीकरण अनुसार कार्य प्रभावकारीताका लागि उपयुक्त जनशक्ती आँकलन तथा हालको अवस्थाका बारेमा

बाँकी पृष्ठ ४

माथिल्लो कर्णालीमा लगानीको गाँठो फुक्यो, निर्माण अझै अनिश्चित



❐ **चाँदनी कठायत**
सुर्खेत, १६ कात्तिक

झण्डै दुई दशकदेखि लगानी जुटाउन नसकेर अन्योलमा रहेको ९ सय मेगावाटको माथिल्लो कर्णाली जलविद्युत् आयोजना निर्माणतर्फ अघि बढ्ने संकेत देखिएको छ । लगानी बोर्ड नेपालको ६८औँ बैठकले आयोजना विकास सम्झौता (पीडीए) अनुसार निर्माण अघि बढाउन आवश्यक सहजीकरण गर्ने निर्णय गरेसँगै आयोजनाको वित्तीय व्यवस्थापन र सेयर संरचनासम्बन्धी लामो अन्योल हट्ने संकेत देखिएको हो । तर, लगानी बोर्डको निर्णयसँगै आयोजना निर्माण सुरु हुने मिति भने निश्चित भइसकेको छैन ।

असोज २३ गते बसेको लगानी बोर्डको बैठकले माथिल्लो कर्णाली आयोजना निर्माण प्रक्रिया अघि बढाउन आवश्यक सहजीकरण गर्ने निर्णय गरेको हो । बैठकको निर्णयले आयोजना विकासकर्ता भारतीय कम्पनी ग्रान्धी मल्लिकार्जुन राव (जीएमआर) लाई पीडीएअनुसार बाँकी प्रक्रिया अघि बढाउने बाटो खोलेको छ । यद्यपि निर्णय कार्यान्वयनका लागि आवश्यक औपचारिक प्रक्रिया पूरा हुन बाँकी रहेकाले तत्कालै निर्माण सुरु हुने अवस्था बनिसकेको छैन ।

आयोजनाको मुख्य समस्या लामो समयदेखि वित्तीय व्यवस्थापन हुन नसक्नु थियो । २०७१ असोज ३ मा लगानी बोर्ड र जीएमआरबीच आयोजना विकास सम्झौता हुँदा दुई वर्षभित्र वित्तीय स्रोत जुटाइसक्नुपर्ने व्यवस्था थियो । तर, निर्धारित समयमा कम्पनीले लगानी जुटाउन सकेन । त्यसपछि पटकपटक म्याद थपिए पनि आयोजना निर्माण अघि बढ्न सकेको थिएन ।

जीएमआरले वित्तीय व्यवस्थापनका लागि आवश्यक कागजात लगानी बोर्डमा बुझाउँदै लगानी जुटेको दाबी गरेको थियो । कम्पनीले भारतीय नवीकरणीय ऊर्जा विकास एजेन्सी (आईआरईडीए) बाट ऋणका लागि सकारात्मक प्रतिक्रिया र नेपाली बैंकहरूको समूहबाट ऋणको सैद्धान्तिक सहमति प्राप्त भएको जनाएको थियो । तर, वित्तीय व्यवस्थापनसम्बन्धी कागजातको प्रक्रिया र सेयर संरचना परिवर्तनको विषयले आयोजना अघि बढ्न सकेको थिएन । आयोजनाको लगानी संरचनामा पनि परिवर्तन गरिएको छ । यसअघि जीएमआरको ७३ प्रतिशत र नेपाल विद्युत् प्राधिकरणको २७ प्रतिशत सेयर रहने व्यवस्था थियो । संशोधित संरचनाअनुसार जीएमआरको ३४ प्रतिशत, भारतको सतलज जलविद्युत् निगम (एसजेभीएन) को ३४ प्रतिशत, भारतीय नवीकरणीय ऊर्जा विकास एजेन्सी (आईआरईडीए) को ५ प्रतिशत र नेपाल विद्युत् प्राधिकरणको २७ प्रतिशत सेयर रहने छ । यसरी भारतीय सरकारी कम्पनी र वित्तीय संस्थालाई समेत साझेदार बनाउँदै जीएमआरले लगानी संरचना परिवर्तन गरेको हो । सेयर संरचना परिवर्तन र वित्तीय व्यवस्थापनको विषय अदालतसम्म पुगेपछि आयोजना थप अन्योलमा परेको थियो । अधिवक्ता दानबहादुर बुढाले २०८१ पुसमा सर्वोच्च अदालतमा रिट दायर गर्दै पीडीएअनुसार तोकिएको समयमा वित्तीय व्यवस्थापन नगरेको र सरकारको स्वीकृतिबिना सेयर हस्तान्तरणको प्रक्रिया अघि बढाइएको दाबी गरेका थिए । उक्त रिट सर्वोच्च अदालतले खारेज गर्दै संशोधित सेयर संरचनासम्बन्धी विषयमा निर्देशनात्मक आदेश जारी गरेको थियो । अदालतको पूर्णपाठमा संशोधित सेयर संरचना पीडीएका प्रावधानअनुकूल रहेको उल्लेख गरिएको थियो ।

यसअघि पनि जीएमआरलाई दिइएको म्याद थपसम्बन्धी निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट परेको थियो । अदालतको अन्तरिम आदेश र त्यसपछिका निर्णयका कारण वित्तीय व्यवस्थापनको प्रक्रिया प्रभावित भएको थियो । सरकारले आयोजनाको वित्तीय व्यवस्थापनका लागि समय थप्ने निर्णय गरे पनि त्यसको कानुनी वैधता र आयोजना

बाँकी पृष्ठ २

लामो समयदेखि प्रक्रियामै अल्झिएको आयोजना

माथिल्लो कर्णाली आयोजना सुरुमा ३०० मेगावाट क्षमतामा विकास गर्ने प्रस्ताव गरिएको थियो । सरकारले आर्थिक वर्ष २०६४/६५ मा जीएमआरसँग आयोजना विकासका लागि प्रारम्भिक समझदारी गरेको थियो । पछि २०६६ पुस ५ मा कम्पनीले आयोजनाको क्षमता बढाएर ९०० मेगावाट पुऱ्याउन विद्युत् विकास विभागमा निवेदन दिएको थियो ।

लगानी बोर्ड स्थापना भएपछि आयोजना बोर्डको मातहत आएको थियो । २०७१ असोज ३ मा लगानी बोर्ड र जीएमआरबीच आयोजना विकास सम्झौता भयो । सम्झौताअनुसार दुई वर्षभित्र वित्तीय व्यवस्थापन पूरा गर्नुपर्ने थियो । तर, कम्पनीले समयमा लगानी जुटाउन नसकेपछि २०७३ पुसमा एक वर्ष र २०७४ असोजमा पुनः एक वर्ष म्याद थपिएको थियो । त्यसपछि पनि वित्तीय व्यवस्थापन हुन नसकेपछि आयोजना थप अन्योलमा परेको थियो ।

२०७९ असार ३१ मा मन्त्रिपरिषद्ले पुनः दुई वर्ष म्याद थप्ने निर्णय गरेपछि उक्त निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट दायर भएको थियो । सर्वोच्चको अन्तरिम आदेश र त्यसपछिका निर्देशनका कारण म्याद थप तथा वित्तीय व्यवस्थापनको प्रक्रिया विवादित बनेको थियो । अदालतले वित्तीय व्यवस्थापनका लागि समय थप्ने विषयमा आदेश दिए पनि लामो समयसम्म आयोजना निर्माणको चरणमा पुग्न सकेन । यसबीचमा जीएमआरले लगानी संरचना परिवर्तन गर्दै भारतीय सतलज जलविद्युत् निगम र आईआर ईडीएलाई साझेदार बनाएको थियो । सेयर संरचना परिवर्तनको विषय पनि अदालतमा पुगेको थियो । सर्वोच्च अदालतबाट त्यससम्बन्धी कानुनी प्रक्रिया टुंगिएपछि र लगानी बोर्डको पछिल्लो निर्णय आएपछि आयोजना अघि बढाउने बाटो खुलेको हो ।

हिमपातमा फसेका ६ भारतीय पर्यटकको उद्धार



❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, १६ कात्तिक

आवश्यक प्रशासनिक अनुमति नलिई जोखिमपूर्ण हिमाली मार्गहुँदै माथिल्लो डोल्पा पुगेका ६ भारतीय पर्यटक भारी हिमपातमा फसेपछि हेलिकोप्टरबाट उद्धार गर्नुपरेको छ । १४ कात्तिकदेखि सम्पर्कविहीन भएका तीन महिला र तीन पुरुष पर्यटकलाई सोमबार बिहान हेलिकोप्टरमार्फत सकुशल उद्धार गरिएको हो । मौसम प्रतिकूल रहेको र भारी हिमपातको जोखिम बढेको भन्दै प्रशासन तथा स्थानीयवासीले हिमाली क्षेत्रमा यात्रा नगर्न सुझाव दिए पनि उनीहरूले जोखिमपूर्ण मार्गबाट यात्रा गरेका थिए । डोल्पोबुद्ध गाउँपालिकाको धो क्षेत्रबाट शे-फोक्सुण्डो गाउँपालिका-८ स्थित फोक्सुण्डो तालतर्फ फर्कने क्रममा उनीहरू नुमला र वाग्ला पास आसपासको क्षेत्रमा फसेका थिए ।

सोमबार बिहान ६:३० बजे उडेको हेलिकोप्टरले सुरुमा दुई महिलालाई उद्धार गरी जिल्ला सदरमुकाम दुनै ल्याएको थियो । त्यसपछि बाँकी एक महिला र तीन पुरुषको उद्धारका लागि हेलिकोप्टर पुनः घटनास्थल पुगेको थियो । डोल्पाका प्रमुख जिल्ला अधिकारी जुनु हमाल ढकालले सबै ६ जना भारतीय पर्यटकको सकुशल उद्धार गरिएको जानकारी दिइन् । उनका अनुसार उद्धार गरिएका सबैको स्वास्थ्य अवस्था सामान्य छ । जिल्ला प्रशासन कार्यालय डोल्पामा १४ कात्तिकमा पर्यटक हिमपातका कारण फसेको जानकारी प्राप्त भएको थियो । त्यसलगत्तै उद्धारको पहल गरिए पनि प्रतिकूल मौसम र हेलिकोप्टर व्यवस्थापनमा आएको समस्याका कारण उद्धारमा ढिलाइ भएको थियो ।

'तर्साउने धेरै आए, तर्सिने बानी परेन'



❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, १६ कात्तिक

नेपाली कांग्रेसका सभापति गगन थापाले आफूलाई तर्सिने बानी नपरेको बताएका छन् । सोमबार सामाजिक सञ्जाल फेसबुकमा स्ट्याटस लेख्दै उनले यस्तो बताएका हुन् ।

उनले तर्साउनेहरू धेरै आएपनि आफूलाई तर्सिने बानी नपरेको बताए । उनले भने,'अहिले ठिक १८:०० बजेको छ । तर्साउने धेरै आए, तर्सिने बानी परेन ।'

यसअघि आइतबार प्रधानमन्त्री वालेन्द्र (बालेन) शाहले फेसबुकमा स्ट्याटस लेख्दै एक-दुई जनालाई उम्किने सपना नदेख्न चेतावनी दिएका थिए ।

जिल्ला अस्पताल मुगुमा फोहोर व्यवस्थापनमा कडाइ

❐ **काँक्रेविहार संवाददाता**
मुगु १६ कात्तिक

जिल्ला अस्पताल मुगुमा फोहोर व्यवस्थापनलाई व्यवस्थित बनाइएसँगै सरसफाइमा सुधार आएको छ । अस्पतालबाट दैनिक निस्कने विभिन्न प्रकारका फोहोरलाई कुहिने, नकुहिने, सिसा र प्लास्टिक गरी छुट्टाछुट्टै वर्गीकरण गरेर व्यवस्थापन गर्न थालेपछि अस्पतालको सरसफाईमा सुधार आएको हो ।

जिल्लाको स्वास्थ्य अवस्थाको सुधार, अस्पतालको सेवा प्रवाह र स्वास्थ्यसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने विषयमा जिल्ला स्वास्थ्य कार्यालयमा सरोकारवालाबीच अन्तरक्रिया कार्यक्रम



गरिएको छ । कार्यक्रममा राजनीतिक दलका प्रतिनिधि, सुरक्षाकर्मी, सञ्चारकर्मी तथा सरकारी र गैरसरकारी संघसंस्थाका प्रतिनिधिहरू सहभागी थिए । कार्यक्रममा लागुऔषध दुर्व्यसन, सर्ने तथा नसर्ने रोग, बालबालिकाको पोषण अवस्था, किशोरीलाई फोलिक एसिड खुवाउने कार्यक्रम, गर्भवती महिलाको स्वास्थ्य परीक्षण र अस्पतालमा आउने बिरामीप्रति गरिने व्यवहारलगायत विषयमा छलफल भएको थियो ।

स्वास्थ्य सेवा व्यवस्थापक डा. दीपेन्द्रजङ्ग शाहीले अस्पतालको फोहोर व्यवस्थापन र सरसफाइमा सुधार हुँदै गएको जानकारी दिँदै त्यसलाई निरन्तरता दिनुपर्नेमा जोड दिए । अस्पताल परिसर सफा राख्नुका साथै स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्न सबै सरोकारवाला निकायको सहकार्य आवश्यक रहेको उनको भनाइ थियो ।

उनले

बाँकी पृष्ठ २

काँक्रेविहार राष्ट्रिय दैनिक
दृष्टिकोण
मंगलवार, १७ कार्तिक, २०८३
Tuesday, 3 Nov 2026

सम्पादकीय

सुत्केरीको उद्धार कि स्वास्थ्य सेवाको सुधार ?

कर्णालीका दुर्गम बस्तीका गर्भवती तथा सुत्केरी महिलाका लागि हेलिकोप्टर जीवनरक्षक साधन बनेको छ । प्रसूति जटिलता देखिएपछि समयमै अस्पताल पुऱ्याउन नसक्दा ज्यानै जोखिममा पर्ने अवस्थाका बीच सरकारले निःशुल्क हवाई उद्धार कार्यक्रम सञ्चालन गर्नु सकारात्मक पहल हो । तर, वर्षौंदेखि सञ्चालनमा रहेको यो कार्यक्रमले एउटा गम्भीर प्रश्न पनि खडा गरेको छ- आखिर कर्णालीका महिलाले सुरक्षित प्रसूति सेवाका लागि कहिलेसम्म हेलिकोप्टरकै भर पर्नुपर्ने ? राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत आर्थिक वर्ष २०७५/७६ देखि २०८३ असोज १२ गतेसम्म देशभर ९ सय ५४ गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार गरिएको छ । तीमध्ये कर्णालीका मात्रै ३ सय १७ जना छन् । देशभर उद्धार गरिएकामध्ये करिब एक तिहाइ महिला कर्णालीका हुनु सामान्य तथ्यांक होइन । यसले प्रदेशको भौगोलिक विकटता मात्रै होइन, आधारभूत स्वास्थ्य सेवाको पहुँच र गुणस्तरमा रहेको कमजोरीसमेत उजागर गर्छ ।

अझ चिन्ताजनक पक्ष, कर्णालीमा आर्थिक वर्ष २०८२/८३ मा घरमै सुत्केरी हुँदा वा स्वास्थ्य संस्थामा लैजाने क्रममा बाटोमै २० जना महिलाको मृत्यु भएको छ । पछिल्लो १२ वर्षमा १ सय ६ जनाले ज्यान गुमाइसकेका छन् । प्रदेशमा ३ सय ५९ वटा बर्थिङ सेन्टर रहे पनि आवश्यक उपकरण, दक्ष स्वास्थ्यकर्मी र जटिल प्रसूति व्यवस्थापनको क्षमता सबै ठाउँमा छैन । २८ प्रतिशत महिला अझै घरमै सुत्केरी हुनु र आठपटक गर्भजाँच गराउने दर ५७ प्रतिशतमा सीमित रहनुले पनि सेवा पहुँचको अवस्था प्रस्ट पार्छ । हवाई उद्धारले संकटमा परेका महिलाको ज्यान जोगाउन तत्काल सहयोग पुऱ्याउँछ । तर, यो दीर्घकालीन समाधान होइन । हरेक प्रसूति जटिलतामा हेलिकोप्टरको प्रतीक्षा गर्नुपर्ने अवस्था अन्त्य गर्न गाउँमै गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउन आवश्यक छ । दुर्गमका स्वास्थ्य संस्थामा दक्ष प्रसूतिकर्मी, आवश्यक उपकरण, औषधि र चौबीसै घण्टा सेवा उपलब्ध गराउनु पर्छ । जोखिममा रहेका गर्भवतीको पहिचान, नियमित गर्भजाँच र समयमै अस्पताल रिफर गर्ने प्रणाली पनि प्रभावकारी बनाउनुपर्छ ।

प्रदेश सरकारले मातृ स्वास्थ्यलाई प्राथमिकतामा राखेर बजेट, जनशक्ति र पूर्वाधारमा लगानी बढाउनुपर्छ । स्थानीय तहले पनि गर्भवतीको नियमित निगरानी र आपत्कालीन यातायातको व्यवस्था गर्नुपर्छ । हेलिकोप्टरको आवश्यकता पर्दा उद्धारमा ढिलाइ हुनु हुँदैन, तर सामान्य प्रसूति सेवाका लागि समेत हवाई उद्धार कुर्नुपर्ने बाध्यता रहनु हुँदैन । कर्णालीका महिलाले सुरक्षित मातृत्वका लागि आफ्नो ज्यान जोखिममा राख्नुपर्ने अवस्थाको अन्त्य गर्नु नै सरकारको वास्तविक सफलता हुनेछ ।

पर्यटनमा सरकारको लगानी, निजी क्षेत्रको पहल र समृद्धिको बाटो



केशरमान बुढाथोकी

नेपालमा पर्यटनको चर्चा हुँदा काठमाडौं, पोखरा, चितवन, लुम्बिनी, सगरमाथा, ढोरपाटन र मुस्ताङ लगायतका नामहरू अगाडि आउँछन् । तर प्राकृतिक, धार्मिक, सांस्कृतिक र ऐतिहासिक सम्पदाका दृष्टिले दाङ पनि कम सम्भावना बोकेको जिल्ला होइन । दाङसँग पर्यटकलाई आकर्षित गर्ने पर्याप्त सम्पदा छन्, तर ती सम्पदालाई व्यवस्थित पर्यटनको रूपमा विकास गर्ने प्रयास अझै अपेक्षाकृत रूपमा अगाडि बढ्न सकेको छैन ।

विश्वका धेरै देशले आफ्ना प्राकृतिक र सांस्कृतिक सम्पदालाई आर्थिक समृद्धिको आधार बनाएका छन् । थाइल्यान्डले समुद्री तट, संस्कृति, मन्दिर, खानपान र आतिथ्यलाई पर्यटनसँग जोड्यो । सिङ्गापुरसँग ठुलो प्राकृतिक सम्पदा नभए पनि सफाइ, सुरक्षा, अनुशासन, सेवा, व्यापार र मनोरञ्जनलाई पर्यटनसँग जोडेर विश्वका पर्यटक आकर्षित गऱ्यो । स्विजरल्याण्डले आफ्ना हिमाल, ताल, प्राकृतिक सौन्दर्य र पहाडी जीवनलाई यातायात, होटेल, सेवा र व्यवस्थित पर्यटनसँग जोडेर संसारकै प्रसिद्ध पर्यटकीय गन्तव्य बनायो ।

यी देशको विकास हेर्दा एउटा कुरा स्पष्ट हुन्छ–पर्यटन आफैं विकास हुँदैन, त्यसका लागि योजना, लगानी, प्रचार, व्यवस्थापन र निरन्तर प्रयास आवश्यक हुन्छ । दाङसँग त पर्यटनका लागि चाहिने आधार नै प्रशस्त छन् ।

धार्मिक पर्यटनको बलियो आधार

घोराहीको अम्बिकेश्वरी मन्दिर दाङको प्रमुख धार्मिक सम्पदा हो । स्थानीय जनविश्वास, धार्मिक आस्था र ऐतिहासिक महत्त्व बोकेको यो स्थललाई व्यवस्थित रूपमा विकास गर्न सके धार्मिक पर्यटक आकर्षित गर्न सकिन्छ । त्यसै गरी धारापानीस्थित पाण्डवेश्वर महादेव धाम दाङको धार्मिक पर्यटनको महत्त्वपूर्ण केन्द्र हो । विशाल त्रिशूल, शिव लिङ्ग, धार्मिक संरचना र प्राकृतिक वातावरणले यस क्षेत्रलाई धार्मिक तथा पर्यटकीय दृष्टिले महत्त्वपूर्ण बनाएको छ । धारा पानीलाई धार्मिक आस्था, प्राकृतिक सौन्दर्य र मनोरञ्जनसँग जोडेर विकास गर्न सकिने प्रशस्त सम्भावना छ ।

चौधेराको रत्ननाथ तथा गोरक्षनाथ क्षेत्र दाङको धार्मिक तथा सांस्कृतिक इतिहाससँग जोडिएको महत्त्वपूर्ण स्थल हो । नाथ परम्परा र स्थानीय धार्मिक संस्कृतिसँग जोडिएको यस क्षेत्रको इतिहास र महत्वलाई प्रचार गर्न सके धार्मिक पर्यटकका साथै इतिहास र संस्कृतिमा रुचि राख्ने पर्यटकलाई पनि आकर्षित गर्न सकिन्छ ।

इतिहास बोकेका स्थान

तुलसीपुरको छिल्लीकोट दाङको ऐतिहासिक र प्राकृतिक पर्यटनको अनुपम सम्भावना बोकेको क्षेत्र हो । पुरानो राजकीय इतिहाससँग जोडिएको छिल्लीकोटबाट दाङ उपत्यकाको मनमोहक दृश्य अवलोकन गर्न सकिन्छ । यहाँको ऐतिहासिक पक्षलाई संरक्षण गर्दै पुराना राजदरबार तथा संरचनाको खोज, अध्ययन र संरक्षण गर्न सके छिल्लीकोट आफैंमा एउटा महत्त्वपूर्ण ऐतिहासिक पर्यटन गन्तव्य बन्न सक्छ ।

छिल्लीकोटमा कच्ची सडक पुऱ्याएर मात्र पुग्दैन । त्यहाँको इतिहास बताउने सङ्ग्रहालय, सूचना केन्द्र, पैदल मार्ग, विश्राम स्थल, स्थानीय खानपान, घर बास र सांस्कृतिक कार्यक्रम आवश्यक छन् । त्यसै गरी दाङ धार्मिक पर्यटनमा मात्र सीमित छैन । यहाँ प्रकृतिले दिएको अनुपम सम्पदा पनि प्रशस्त छन् ।

जखेरा ताल धार्मिक तथा प्राकृतिक पर्यटनको महत्त्वपूर्ण गन्तव्य हो । ताल, वन, पहाड र धार्मिक वातावरणको संयोजनले यसलाई आकर्षक बनाएको छ । व्यवस्थित रूपमा विकास गर्न सके यहाँ पर्यटकलाई केही घण्टा होइन, एक-दुई दिनसम्म रोक्न सकिने वातावरण बनाउन सकिन्छ ।

ज्यामिरे दह, भोटे दह, बबई नदी र आसपासका प्राकृतिक क्षेत्रहरू पनि पर्यटनका महत्त्वपूर्ण आधार हुन् ।

त्यसै गरी तुलसीपुर क्षेत्रको चमेरे गुफा दाङको विशिष्ट प्राकृतिक सम्पदा हो । गुफाको भौगोलिक संरचना, प्राकृतिक आकृति र धार्मिक तथा स्थानीय जनविश्वाससँग जोडिएको पक्षलाई संरक्षण र प्रचार गर्न सके यो दाङको विशेष पहिचान बन्न सक्छ । गुफासम्म पुग्ने बाटो, सुरक्षा, प्रकाश, पैदल मार्ग, सरसफाइ, खानेपानी र सूचना केन्द्रको व्यवस्था गर्न आवश्यक छ ।

पुरन्धारा झरना दाङको अर्को महत्त्वपूर्ण प्राकृतिक सम्पदा हो । हरियाली बनबिचको झरना, प्राकृतिक वातावरण र मनोरम दृश्यले यसलाई आन्तरिक पर्यटकका लागि आकर्षक बनाएको छ । व्यवस्थित पूर्वाधार निर्माण र प्रचारप्रसार गर्न सके बाह्य पर्यटकसम्म पनि यसको परिचय पुऱ्याउन सकिन्छ । यसै गरी बराहकुने दह, बगरबाबा, रिहार, विभिन्न गुफा, पहाडी दृश्यावलोकन क्षेत्र, बबई नदी, थारू बस्ती र थारू संस्कृति दाङका पर्यटनका थप महत्त्वपूर्ण आधार हुन् ।

सरकारको लगानी कहाँ छ, परिणाम कहाँ छ ?

दाङको पर्यटन विकासमा स्थानीय तह, प्रदेश सरकार र सङ्घीय सरकारले विभिन्न समयमा बजेट विनियोजन गरेका छन् । केही ठाउँमा सडक, भवन, पार्क, ताल संरक्षण, धार्मिक संरचना तथा अन्य पूर्वाधार निर्माण पनि भएका छन् ।

तर प्रश्न उठ्छ–त्यति लगानीपछि दाङमा पर्यटकको सङ्ख्या कति बढ्यो? पर्यटकको बसाइँ कति लम्बियो? स्थानीयले कति रोजगारी पाए? स्थानीय उत्पादनको बिक्री कति बढ्यो? पर्यटनबाट जिल्लाको आम्दानी कति बढ्यो? यी प्रश्नको सन्तोषजनक उत्तर खोज्ने बेला आएको छ । कतिपय ठाउँमा बजेट छुट्याइएको छ, तर काम अधुरो छ । कतै संरचना बनेका छन्, तर प्रयोगमा छैनन् । कतै बाटो पुगेको छ, तर पर्यटकका लागि आवश्यक अन्य सुविधा छैनन् । कतै सुन्दर ठाउँ छ, तर त्यसको प्रचार नै भएको छैन । यसबाट के देखिन्छ भने समस्या केवल लगानीको अभाव होइन, लगानीलाई परिणाममा बदल्ने योजनाको अभाव पनि हो ।

अब तीनै तहका सरकारले पर्यटनलाई टुक्रे योजनाको रूपमा होइन, जिल्लाको आर्थिक विकाससँग जोडिएको दीर्घकालीन अभियानका रूपमा लिन आवश्यक छ ।

निजी क्षेत्र पनि अगाडि आउनुपर्छ

पर्यटन विकासको सम्पूर्ण जिम्मेवारी सरकारको मात्र होइन । सरकारले बाटो, पूर्वाधार र नीतिगत वातावरण बनाउने हो; निजी क्षेत्रले त्यसलाई व्यवसाय र रोजगारीमा रूपान्तरण गर्ने हो । दाङ जिल्ला उद्योग वाणिज्य सङ्घलगायत निजी क्षेत्रका संस्थाहरूले यसमा महत्त्वपूर्ण भूमिका खेल्न सक्छन् ।

निजी क्षेत्रले दाङका पर्यटकीय गन्तव्यलाई आफ्नो व्यावसायिक सम्भावनासँग जोड्नुपर्छ । होटेल व्यवसायीले पर्यटकमैत्री सेवा दिनुपर्छ । यातायात व्यवसायीले सहज र सुरक्षित यातायातको व्यवस्था गर्नुपर्छ । उद्योगी व्यवसायीले स्थानीय उत्पादनलाई पर्यटकसम्म पुऱ्याउनुपर्छ । सञ्चारमाध्यमले दाङका गन्तव्यको निरन्तर प्रचार गर्नुपर्छ । पर्यटन व्यवसायीले घुम्ने योजना बनाएर पर्यटकलाई दाङ ल्याउने वातावरण बनाउनुपर्छ । दाङका धार्मिक, प्राकृतिक र ऐतिहासिक स्थललाई जोडेर एक दिने, दुई दिने र तीन दिने भ्रमणका योजना बनाउन सकिन्छ । घोराही-अम्बिकेश्वरी-धारापानी-चौधेरा-छिल्लीकोट-चमेरे गुफा हुँदै तुलसीपुर, अनि देउखुरीतर्फ जखेरा ताल--रिहार-बगरबाबा सम्मका भ्रमण मार्ग बनाउन सकिन्छ । निजी क्षेत्रले यस्ता भ्रमणका योजना बनाएर देशका प्रमुख सहरहरूमा प्रचार गर्न सक्छ । विद्यालय, महाविद्यालय, धार्मिक संस्था, उद्योगी, व्यवसायी र विभिन्न संघसंस्थासँग सहकार्य गरेर दाङ भ्रमण अभियान चलाउन सक्छ ।

पैसा मात्र आउँदैन, अवसर पनि आउँछ

एउटा पर्यटक दाङ आउँदा उसले होटेलमा पैसा खर्च गर्छ । यातायात प्रयोग गर्छ । खाना खान्छ । स्थानीय उत्पादन किन्छ । फलफूल, तरकारी, दूध, मासु, हस्तकला र अन्य वस्तुको माग बढ्छ । स्थानीय कलाकारले आफ्नो कला प्रस्तुत गर्ने अवसर पाउँछन् । युवाले रोजगारी पाउँछन् । महिलाले घर बास तथा स्थानीय उत्पादनमार्फत आम्दानी गर्न सक्छन् ।

त्यसैले पर्यटन भनेको केवल घुम्ने र रमाउने विषय होइन । पर्यटन स्थानीय अर्थतन्त्र चलाउने माध्यम हो । पर्यटन बढेपछि होटेल बढ्छ, यातायात बढ्छ, व्यापार बढ्छ, स्थानीय उत्पादनको बजार बढ्छ र रोजगारी सिर्जना हुन्छ । त्यसैले पर्यटनको विकासलाई जिल्लाको समग्र विकाससँग जोडेर हेर्नुपर्छ ।

आफ्नो पहिचान आफैं बनाउनुपर्छ

दाङसँग पर्यटक बोलाउनका लागि नयाँ प्राकृतिक सम्पदा निर्माण गर्नुपर्ने आवश्यकता छैन । प्रकृतिले दिएको सम्पदा हामीसँग पहिल्यै छ । इतिहासले दिएको सम्पदा हामीसँग छ । धार्मिक आस्था छ । संस्कृति छ । थारू सभ्यता छ । ताल, दह, गुफा, झरना, नदी, पहाड र उपत्यका छन् । हामीसँग सम्पदा छ, सम्भावना छ; अब चाहिएको व्यवस्थापन, लगानी र इच्छाशक्ति हो ।

स्थानीय सरकारले पर्यटनलाई प्राथमिकतामा राख्नुपर्छ । प्रदेश सरकारले जिल्लाका महत्त्वपूर्ण पर्यटन मार्ग र गन्तव्यमा पर्याप्त लगानी गर्नुपर्छ । सङ्घीय सरकारले राष्ट्रिय पर्यटन नीतिमा दाङका सम्भावनालाई उचित स्थान दिनुपर्छ । अनि निजी क्षेत्रले सरकारको मुख मात्र नहेरी आफैं पनि लगानी, प्रचार र व्यावसायिक योजनासहित अगाडि आउनुपर्छ ।

दाङ जिल्ला उद्योग वाणिज्य सङ्घजस्ता संस्थाले सरकार र निजी क्षेत्रबिच पुलको भूमिका खेल्न सक्छन् । जिल्लाका पर्यटकीय गन्तव्यको अध्ययन, प्रचार, लगानी सम्मेलन, पर्यटन व्यवसायीको सहकार्य, स्थानीय उत्पादनको प्रवर्द्धन र पर्यटक आकर्षणका अभियान सञ्चालन गर्न सकिन्छ ।

अन्ततः पर्यटन सरकारको मात्र विषय होइन, सम्पूर्ण जिल्लाको आर्थिक अभियान हो । दाङको पर्यटन विकास भयो भने दाङका गाउँमा रोजगारी सिर्जना हुन्छ, बजार चलायमान हुन्छ, स्थानीय उत्पादनले मूल्य पाउँछ र युवालाई आफ्नै ठाउँमा अवसर मिल्छ । त्यसैले अब पर्यटनलाई बजेटको एउटा सानो शीर्षकका रूपमा होइन, दाङको विकासको मेरुदण्डका रूपमा हेर्नुपर्छ ।

अब आवश्यक छ–सरकारको दृढ योजना, निजी क्षेत्रको लगानी, समुदायको सहभागिता र दाङलाई संसारसामु चिनाउने साझा अभियान । त्यसपछि मात्र दाङका पर्यटकीय स्थलहरू घुम्ने ठाउँ मात्र होइन, दाङको समृद्धिको आधार बन्नेछन् ।

माथिल्लो...

विकास सम्झौताका सर्तबारे विवाद कायम थियो । अहिले लगानी बोर्डको ६८औं बैठकले निर्माण अधि बढाउन सहजीकरण गर्ने निर्णय गरेपछि सेयर संरचनासम्बन्धी कानुनी अन्योल र वित्तीय व्यवस्थापनका कागजात अघि बढाउने प्रक्रियामा देखिएको अवरोध हट्ने बाटो खुलेको छ । तर, यसलाई सम्पूर्ण लगानी अन्तिम रूपमा सुनिश्चित भएको वा आयोजनाको निर्माण सुरु भइसकेको अर्थमा बुझ्न मिल्दैन । अब कम्पनीले बाँकी प्रक्रिया पूरा गरी निर्माणमा जाने अवस्था बनाउनुपर्नेछ ।

आयोजनाबाट उत्पादित विद्युत्को १२ प्रतिशत अर्थात् १०८ मेगावाट नेपाललेनिःशुल्क पाउने व्यवस्था छ । त्यस्तै नेपाल विद्युत् प्राधिकरणको २७ प्रतिशत सेयर रहनेछ । आयोजना निर्माण, स्वामित्व, सञ्चालन र हस्तान्तरण (बुट) मोडेलमा विकास गर्ने सम्झौता भएको हो । आयोजना सञ्चालनमा आएको २५ वर्षपछि नेपाल सरकारलाई हस्तान्तरण गर्ने व्यवस्था छ ।

आयोजना निर्माणमा विद्युत् बिक्रीको सुनिश्चितता पनि महत्त्वपूर्ण पक्ष हो । आयोजनाबाट उत्पादित विद्युत् भारत र बंगलादेशको बजारमा बिक्री गर्ने योजना बनाइएको थियो । बंगलादेशलाई ५०० मेगावाट विद्युत् बिक्री गर्ने सम्झौताको प्रक्रिया अघि बढेको भए पनि त्यससम्बन्धी विषयमा पछि अन्योल उत्पन्न भएको थियो । आयोजनाको वित्तीय व्यवस्थापनसँगै उत्पादित विद्युत्को बजार सुनिश्चित गर्नु पनि चुनौतीका रुपमा रहेको छ ।

लगानी बोर्डको पछिल्लो निर्णयले लामो समयदेखि रोकिएको आयोजना अघि बढाउने प्रक्रियालाई गति दिने अपेक्षा गरिएको छ । तर, निर्माण कहिलेदेखि सुरु हुन्छ, बाँकी वित्तीय प्रक्रिया कहिले टुंगिन्छ र आयोजनाको निर्माण कार्यतालिका कसरी अघि बढ्छ भन्ने विषय अझै स्पष्ट भइसकेको छैन । झण्डै दुई दशकदेखि चर्चामा रहेको आयोजना अब निर्णयबाट वास्तविक निर्माणको चरणमा पुग्छ कि फेरि प्रक्रियामै अल्झिन्छ भन्ने चासो बढेको छ ।

जिल्ला...

जिल्लामा विशेषज्ञ चिकित्सकको अभाव, अक्सिजन प्लान्ट सञ्चालन तथा बिरामीलाई सहज र गुणस्तरीय सेवा उपलब्ध गराउने विषय पनि महत्त्वपूर्ण रहेको बताए । पछिल्लो समय एन्टिबायोटिक प्रतिरोध (रेसिस्टेन्स) स्वास्थ्य क्षेत्रको चुनौतीका रूपमा देखिएकाले औषधिको उचित प्रयोग र जनचेतना अभिवृद्धिमा ध्यान दिनुपर्ने विषयमा समेत छलफल भएको थियो ।

कार्यक्रममा बालबालिकामा देखिने कुपोषण न्यूनीकरण गर्न सन्तुलित आहारमा जोड दिनुपर्ने, गर्भवती महिलाले नियमित स्वास्थ्य जाँच गराउनुपर्ने तथा १० देखि १९ वर्ष उमेर समूहका किशोरीलाई फोलिक एसिड खुवाउने कार्यक्रम प्रभावकारी बनाउनुपर्नेमा सहभागीहरूले जोड दिएका थिए ।

त्यस्तै, लागुऔषध दुर्व्यसनका कारण आत्महत्याका घटना बढ्न सक्ने जोखिम न्यूनीकरण गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने, विद्यालयमा स्वास्थ्य परीक्षण तथा साना स्वास्थ्य शिविर आयोजना गर्नुपर्ने र योगाभ्यासमार्फत स्वस्थ जीवनशैली प्रवर्द्धन गर्नुपर्ने विषयमा पनि छलफल गरिएको थियो ।

सहभागीहरूले जिल्ला अस्पतालको सरसफाइलाई नियमित र प्रभावकारी बनाउन, स्वास्थ्य सेवामा नागरिकको पहुँच बढाउन तथा सर्ने रोगभन्दा नसर्ने रोगको बढ्दो जोखिमलाई ध्यानमा राखेर रोकथाम र सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिएका थिए ।

जिल्लाका स्वास्थ्यसम्बन्धी समस्या पहिचान गरी समाधानका लागि सरोकारवाला निकायबीच समन्वय र सहकार्य बढाउने उद्देश्यले अन्तरक्रिया आयोजना गरिएको हो ।

बजार व्यवस्थापन र सुरक्षाको लागि ६ वटा सिसीक्यामेरा जडान



काँक्रेविहार संवाददाता
रूकुमपश्चिम, १६, कात्तिक

रुकुम पश्चिमको मुसिकोट नगरपालिका -४ स्थित सोलाबाङ बजारमा स्थानीयले रकम उठाएर सिसीक्यामेरा जडान गरेका छन् । राप्ती राजमार्गमा अवस्थित बजारको सुरक्षाको लागि भन्दै उनीहरुले छ वटा सिसीक्यामेरा जडान गरेका हुन् ।

सोलाबाङ बजारलाई नमूना बजार बनाउने कोशिस अनुसार सुरक्षा व्यवस्थानमा नयाँ पहल गरिएको बजार व्यवस्थापन समितिका सल्लाहकार बिमल कुमार शर्माले जानकारी दिए ।

उनका अनुसार बजार व्यवस्थापन समितिका पदाधिकारी तथा स्थानीइको सक्रियतामा बजारका प्रत्येक व्यापारी र घरधुरीबाट मासिक रुपमा संकलन गरिएको रकमले सिसि क्यामेरा खरिद गरिएको हो । हरेक महिना व्यवसायी तथा स्थानीयबाट एक सय रुपियाँका दरले संकलन गरिएको रकमबाट सार्वजनिक स्थानमा सीसी क्यामेरा जडान गरिएको हो ।

सल्लाहकार शर्माले बजार क्षेत्रको शान्ति, सुरक्षा कायम राख्नुका साथै चोरी, आपराधिक गतिविधि तथा अन्य अवाञ्छित क्रियाकलाप नियन्त्रण गर्न यसले महत्वपूर्ण सहयोग पुग्ने विश्वास गरिएको बताए । उनले बजार क्षेत्र हुँदै गुड्ने यातायातका साधनहरुको गति नियन्त्रण तथा सवारी आवागमनलाई सुरक्षित र व्यवस्थित बनाउन पनि सीसी क्यामेराले सहयोग पुर्याउने छ ।

बजार व्यवस्थापन समितिका अध्यक्ष बिष्णु केसीले स्थानीय व्यापारी तथा घरधुरीको सानो-सानो आर्थिक योगदानलाई सामूहिक बचत र सहकार्यका माध्यमबाट बजारको हितमा उपयोग गरिएको बताए । उनले सामूहिक प्रयास, स्थानीय सहभागिता र जिम्मेवार नेतृत्वबाट नमूना बजार निर्माण गर्न सकिन्छ भन्ने उदाहरण सोलाबाङ बजारले प्रस्तुत गरेको उल्लेख गरे ।

कहिलेकाँहि चोरीका घटना हुँदा, दुर्घटना हुँदा सम्बन्धित पक्ष पत्ता लगाएर कानूनी दायरामा ल्याउन कठिनाई हुने गरेकोले बजारमा क्यामेरा जडान गर्न अत्यावश्यक ठानिएको थियो ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक बेदबहादुर पौडेलले स्थानीयवासीले असाध्यै प्रशंसनीय कार्य गरेको बताए । स्थानीयवासीहरुको अग्रसरतामा भएको यस कार्यले बजार क्षेत्रको चोरी नियन्त्रण, सुरक्षा मजबुती, शान्ती तथा अमनचयनमा टेवा पुग्ने उनको भनाइ छ ।

सचेत नागरिकले राज्यका निकायलाई समेत मदत पुग्ने गरी गरेको सामुहिक प्रयासले समाजलाई नै उचित फल दिने डिएसपी पौडेलको भनाइ रहेको छ ।

प्रतिपक्षी दलद्वारा यथाशीघ्र संसद् बैठक आह्वान गर्न माग

काँक्रेविहार संवाददाता
काठमाडौं, १६, कात्तिक

प्रतिपक्षी दलहरूले मुलुकमा देखिएका समसामयिक राजनीतिक, न्यायिक तथा जनजीविकासँग सम्बन्धित विषयमा छलफल गर्न तत्काल संसद् बैठक आह्वान गर्न माग गरेका छन् ।

सोमबार नेपाली कांग्रेसले आह्वान गरेको प्रतिपक्षी दलहरूको बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्दम्बेले यथाशीघ्र संसद् बैठक बोलाउनुपर्ने बताए ।

उनका अनुसार बैठकमा बिचौलियासँग सम्बन्धित विषय, न्यायालयमाथि उठेका प्रश्न, प्रेससँग जोडिएका संवेदनशील घटना, प्रहरीसँग सम्बन्धित विषय तथा प्रधानमन्त्री र उनको सचिवालयसँग जोडिएका विषयमा छलफल भएको थियो ।

'हामीले समसामयिक विषयहरूमा कुरा गर्‍यौं । बिचौलियासँग सम्बन्धित धेरै कुरा आएको छ । न्यायालयको विषयमा प्रश्नहरू उठेका छन् । प्रेससँग गाँसिएका धेरै संवेदनशील विषय छन् । प्रहरीसँगको विषयहरू, स्वयं कार्यकारी प्रधानमन्त्रीसँगै गाँसिएको अथवा सचिवालयसँग गाँसिएका कुराहरू छन् । यी व्यापक विषयहरूमा छलफल भएको छ,' उनले भने ।

विभिन्न विषयमा बाहिर चर्चा परिचर्चा गर्नुभन्दा संसद्मै संस्थागत रूपमा छलफल गरेर सत्यतथ्य पत्ता लगाउनुपर्ने आङ्दम्बेको भनाइ छ । संसद् अधिवेशन नबोलाई अध्यादेशमार्फत मात्रै राज्य सञ्चालनका विषय अघि बढाउँदा संसद्को गरिमा र अपरिहार्यतामाथि प्रश्न उठ्न सक्ने उनले बताए ।

'हरेक कुरा अध्यादेशबाट लिएर जाने हो, अध्यादेशबाट मात्रै सबै कुराको निष्कर्ष खोज्दै जाने हो भने संसद्को अपरिहार्यता र त्यसको जुन एउटा



गरिमा छ, त्यसमाथि पनि प्रश्न उठ्न सक्छन् । त्यसैले चाँडोभन्दा चाँडो संसद् बोलाएर उठेका विषयमा संसद्बाटै टुङ्गो खोज्नुपर्छ,' उनले भने ।

बैठकमा विभिन्न घटनाको छानबिन गर्न गठित समितिहरूको काम र निष्कर्षबारे पनि छलफल भएको आङ्दम्बेले जानकारी दिए । रसुवा-भोटेकोशी क्षेत्रमा आएको बाढी तथा विपद्का कारण विस्थापित नागरिकले अझै राहत र घरभाडा नपाएको विषय पनि बैठकमा उठेको उनले बताए ।

बढ्दो महँगी, विपद्पछिको पुनर्स्थापना तथा राज्यका महत्वपूर्ण निकायमाथि उठेका प्रश्नहरूको निरूपण संसद्बाटै हुनुपर्ने प्रतिपक्षी दलहरूको धारणा रहेको उनले उल्लेख गरे । न्यायिक तथा अन्य विश्वसनीय निकायमाथि अविश्वास बढ्दै गएको भन्दै निष्पक्षता र पारदर्शितासम्बन्धी प्रश्नको समाधान संसद्भित्रै बहस गरेर खोज्नुपर्ने उहाँको भनाइ छ । यस विषयमा सभामुखसँग पनि छलफल गर्ने उनले जानकारी दिए ।

बिचौलियासँग सम्बन्धित विषयमा सुरुदेखि नै जरासम्म पुगेर छानबिन गर्नुपर्ने माग गर्दै आएको उल्लेख गर्दै आङ्दम्बेले यसमा नेपाली कांग्रेसको सहयोग रहने बताए ।

'बिचौलियासँग सम्बन्धित जे-जे विषयवस्तु हुन्, त्यसको जरासम्म पुगेर छानबिन गर्नुहोस् । को-को पर्छन्, को-कोले के-के गरेका छन्, यो सबै बाहिर ल्याउनुस् भनेर हामीले सुरुकै मितिमा भनिसक्यौं । त्यसैले यहाँ कसले के भन्यो भन्ने विषय गौण भएर जान्छ । यस विषयमा छानबिन गर्नुपर्ने कुरामा नेपाली कांग्रेसको सहयोग रहन्छ,' उनले भने ।

यस्तै, नेपाली कम्युनिस्ट पार्टीका नेता एवं सांसद प्रवेश हमालले पनि जनजीविका, विपद् व्यवस्थापन, पुनर्निर्माण तथा राष्ट्रिय राजनीतिक विषयमा संसद्भित्र गम्भीर छलफल हुनुपर्ने बताए ।

बिचौलियाहरूले राज्यसत्तामाथि प्रभाव जमाउन खोजेको विषयमा समेत संसद्मा छलफल आवश्यक रहेको उनको भनाइ छ ।

'जनजीविकाको सवालमा र अहिले जुन किसिमको विपद् छ, त्यो विपद्बाट जनताले पाउनुपर्ने मुक्ति र त्यसपछि पुनर्निर्माणका कुराहरूमा पनि हामीले गम्भीर रूपमा छलफल गर्‍यौं । अहिले जुन किसिमको सङ्कट पैदा भएको छ, बिचौलियाहरूले राज्यसत्तामाथि कब्जा गर्ने प्रयत्न गरिरहेका छन् । यसबारेमा गम्भीर रूपमा छलफल गर्नुपर्छ,' उनले भने । प्रतिपक्षी दलहरूले संसद्को अधिवेशन आह्वान गरी जनताका समस्या, राष्ट्रियता, लोकतन्त्र र संविधानमाथि उठेका प्रश्नहरूमा गम्भीर बहस गर्नुपर्ने निष्कर्ष निकालेका छन् ।

भूमिहीनलाई पुर्जा वितरणमा ढिलाइ स्वीकार्य छैन : मन्त्री रावल

काँक्रेविहार संवाददाता
काठमाडौं, १६, कात्तिक

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले भूमिहीनलाई जग्गाधनी पुर्जा वितरणलाई तीव्रता दिन निर्देशन दिएकी छन् ।

जिल्ला प्रशासन कार्यालयमा जिल्ला भूमि समस्या समाधान समितिका पदाधिकारी, जिल्लाका १५ वटै स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत तथा भूमि शाखाका कर्मचार ीसँगको अन्तरक्रियामा उनले भूमिहीन दलित, भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोबासीलाई जग्गाधनी पुर्जा वितरणको हालसम्मको प्रगति सन्तोषजनक नरहेको धारणा व्यक्त गरिन् ।मन्त्री रावलले भनिन्, "यतिका दिनसम्मको प्रगति सन्तोषजनक मान्न सकिँदैन । भूमिहीनलाई हजारौंको संख्यामा पुर्जा वितरण भइसक्नुपर्ने हो, तर अपेक्षित उपलब्धि देखिएको छैन ।" सरकारले भूमिसम्बन्धी समस्या



समाधानका लागि अध्यादेशमार्फत नीतिगत सुधार गरिसकेको उल्लेख गर्दै उनले कानुनी तथा नीतिगत व्यवस्थामा अझै केही अप्ठ्यारा भए सरकारले सहजीकरण गर्ने बताइन् । समस्या समाधानका लागि सरकार गम्भीर जनाउँदै उनले अब प्रक्रियागत अल्झन देखाएर काममा ढिलाइ गर्न नहुने धारणा राखिन् ।

"जिल्ला भूमि समस्या समाधान समितिलाई प्रशासनिक रूपमा काम गर्न अब कुनै समस्या छ जस्तो मलाई लाग्दैन । सरकार यो समस्या समाधान गर्न दिन गनेर लागि परेको छ", उनले भनिन्, "त्यसैले परिणाम देखिने गरी कामलाई तीव्रता दिनुहोस् ।" सरकारको प्राथमिकताअनुसार भूमिहीन तथा सुकुमवासीको समस्या समाधान गरी पुर्जा वितरणको कामलाई उपलब्धिमूलक बनाउन उनले निर्देशन दिइन् । प्रतिनिधि सभा सदस्यत्रय प्रकाश पाठक, शम्भु सुस्केरा ढकाल र रमेश प्रसाईंले पनि भूमिहीनको समस्या स्थायी रूपमा समाधान गर्न कामलाई तीव्र तुल्याउन सुझाव दिए । जनताको गुम्दै गएको विश्वास फर्काउन राजनीतिक नेतृत्व र कर्मचारीतन्त्र दुवैले जिम्मेवारीपूर्वक काम गर्नुपर्ने उनीहरूको भनाइ थियो । प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलले जिल्लामा हालसम्म भएका प्रगति र आगामी कार्ययोजनाबारे जानकारी गराउँदै पुर्जा वितरणको कामलाई तीव्रता दिने प्रतिबद्धता जनाए । थप जनशक्तिसहित टोली परिचालन भइसकेकाले आगामी दिनमा कामको स्पष्ट परिणाम देखिने उनले विश्वास दिलाए ।

जिल्ला भूमि समस्या समाधान समितिका सदस्य सचिव तथा जिल्ला नापी कार्यालय झापाका प्रमुख शिवप्रसाद लम्सालका अनुसार जिल्लामा जग्गा प्राप्तिका लागि ६० हजार २०० भन्दा बढीले आवेदन दिएका छन् । नयाँ समिति गठन भएपछि हालसम्म ७४ जनालाई जग्गाधनी पुर्जा वितरण गरिएको उनले कार्यक्रममा जानकारी दिए । स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले आआफ्नो पालिकामा भूमि समस्या समाधानका लागि भएका प्रगति र आगामी कार्ययोजनाबारे कार्यक्रममा जानकारी गराए ।

घुसकाण्डबारे बोल्यो सर्वोच्च : जवाफको पाँच बुँदामा के छ ?

काँक्रेविहार संवाददाता
काठमाडौं, १६, कात्तिक

सर्वोच्च अदालतको फूलकोर्ट बैठकले प्रधानन्यायाधीश तथा अन्य न्यायाधीशहरूबारे सञ्चारमाध्यममा प्रकाशित र प्रसारित समाचारप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । सोमबार बसेको सबै न्यायाधीश सम्मिलित बैठकले संविधानको सर्वोच्चता र कानुनको शासनप्रति आफ्नो प्रतिबद्धता दोहोऱ्याउँदै सार्वजनिक भएका विषयमा निष्पक्ष छानबिन गर्न सम्बन्धित निकायलाई आग्रह गरेको छ ।



सर्वोच्च अदालतका प्रवक्ता डा. अशोककुमार क्षेत्रीद्वारा जारी विज्ञप्तिमा पूर्वाग्रहरहित र स्वतन्त्र ढंगले अनुसन्धान गरी सत्यतथ्यसहितको निष्कर्ष यथाशीघ्र सार्वजनिक गर्न भनिएको छ ।

बैठकले समाचारका सम्बन्धमा हुने छानबिन र अनुसन्धानमा कानुनबमोजिम सहयोग तथा जवाफदेहिता निर्वाह गर्न न्यायपालिका प्रतिबद्ध रहेको स्पष्ट पारेको छ । त्यस्तै, छानबिनको निष्कर्ष नआउँदै कसैलाई लाञ्छित गर्ने वा न्याय सम्पादनमा अवरोध पुग्ने गरी समाचार प्रकाशन तथा प्रसारण नगर्न सञ्चारमाध्यमलाई आग्रह गरेको छ ।

न्यायपालिका जनताको आस्था र विश्वासमा आधारित संस्था भएकाले यससँग सम्बन्धित समाचारले सेवाग्राहीमा भ्रम र नकारात्मक असर पार्न नहुने बैठकको भनाइ छ ।

बैठकले प्रकाशित समाचारबाट विचलित नभई नियमित न्यायिक काममा सक्रिय रहन देशभरका अदालतमा कार्यरत न्यायाधीश तथा कर्मचारीलाई पनि आग्रह गरेको छ ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

दशौँ राष्ट्रिय खेलकुदको तयारी तीव्र बन्दैछ : मन्त्री पोखरेल

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, १६ कात्तिक



शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको तीव्र तयारी भइरहेको जानकारी दिएका छन् ।

प्रतियोगिता आउन बाँकी ३० दिनको 'काउन्टडाउन'को शुभारम्भ गर्दै सङ्घ, कर्णाली प्रदेश सरकार र वीरेन्द्रनगर नगरपालिकाको आवश्यक समन्वय, सहकार्य एवं संयोजनमा प्रतियोगिता सञ्चालनका लागि आवश्यक पूर्वाधार निर्माण, जनशक्ति व्यवस्थापन तथा स्रोत परिचालन भएको बताए ।

मन्त्री पोखरेलले भने, 'खेलुकद प्रतियोगिता भव्य रूपमा सम्पन्न गर्नु हामी सबैको साझा दायित्व हो । यसमा सबै क्षेत्र र तहका सरोकार भएका निकाले आफ्नो भूमिका इमान्दारीपूर्वक निर्वाह गर्नुपर्छ । खेलकुद क्षेत्रको महामेला कर्णालीमा सञ्चालन हुने भएकाले प्रदेश तथा स्थानीय सरकारले विशेष महत्त्व दिएर आफ्नो जिम्मेवारी पूरा गर्नेमा आफू विश्वस्त छु ।'

अब प्रचारप्रसारका कामलाई व्यापक बनाउँदै लैजाने जनाउँदै सङ्घ सरकार प्रतियोगिता सम्पन्नताका लागि प्रतिबद्ध भएर अगाडि बढेको उनले बताए ।

कर्णाली प्रदेशका मुख्यमन्त्री मङ्गलबहादुर शाहीले प्रदेश सरकार सहआयोजक भए पनि दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिता सम्पन्न गर्नु प्रतिष्ठासँग जोडिएको विषय भएको बताए । रङ्गशालाको पूर्वाधार निर्माणको सबै काम पूरा भइसकेको जनाउँदै उनले मङ्सिर १६-२७ गतेसम्म सञ्चालन हुने खेलकुद प्रतियोगितामा बसाइँ व्यवस्थापन, सबैका लागि सहज वातावरण निर्माणलगायतमा प्रदेश सरकार लागिपरेको उल्लेख गरे ।

सामाजिक विकासमन्त्री जीतबहादुर मल्लले खेलकुद प्रतियोगिताको सम्पन्न गर्न कुनै कसर बाँकी नराख्ने बताए ।

राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव रामचरित्र मेहताले प्रतियोगिताको प्रचारप्रसार र राष्ट्रव्यापी बनाएर भव्य रूपमा सम्पन्न गर्ने दौडलाई तीव्र बनाइएको बताए ।

कर्णाली प्रदेश खेलकुद विकास परिषद्का सदस्य रवीन्द्र चन्दले कर्णालीको खेलकुद गीत सार्वजनिक गर्दै एक हप्ताभित्र रङ्गशालाको संरचना हस्तान्तरण हुने जानकारी दिए ।

६ प्रदेशका...

पनि अर्थमन्त्री र सचिवहरु बीच छलफल भएको थियो ।

यस्तै, आयोजना प्रस्ताव तथा छनौट र समग्र बजेट चक्रको प्रभावकारी कार्यान्वयनमा देखिएका समस्या र समाधानका प्रयास, संविधान तथा कानून निर्दिष्ठ वित्तीय जिम्मेवारी तथा अधिकार क्षेत्रको कार्यान्वयनका लागि अन्तर तह समन्वय, सामाजिक, आर्थिक, पूर्वाधार विकास, सुशासन अभिवृद्धि, लगायतका विषयगत क्षेत्रमा हासिल भएका महत्वपूर्ण उपलब्धि तथा वित्तीय संघीयताको प्रभावकारीताका लागि सम्बोधन गर्नुपर्ने विषयका बारेमा बैठकमा बृहत छलफल भएको कर्णालीका आर्थिक मामिला तथा योजना मन्त्री टेकराज पछाईले जानकारी दिए ।

स्वस्थ रहन: जीवनशैली परिवर्तन गरौं

असन्तुलित खानपिन तथा जीवनशैलीका कारण विभिन्न रोगहरु लाग्न सक्छन् ।
त्यसैले,
❖ स्वस्थ र सन्तुलित खाना खाऔं,
❖ शारीरिक क्रियाकलाप तथा नियमित व्यायाम गरौं,
❖ मदिरा तथा सुर्तिजन्य पदार्थको उपभोग नगरौं,
❖ प्रशस्त मात्रामा पानी पिउने गरौं,
❖ तनाव व्यवस्थापन गरौं ।



नेपाल सरकार
विज्ञापन बोर्ड

रुख कटान र जग्गा प्राप्ति सहज बनाउन केन्द्रसँग अधिकार माग्दै कर्णाली सरकार

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, १६ कात्तिक



कर्णाली प्रदेश सरकारले वन ऐनलाई संशोधन गरी प्रदेशलाई वन सम्बन्धी अधिकार प्रत्यायोजन गर्न अनुरोध गरेको छ । सोमबार बिहान मुख्यमन्त्री मंगलबहादुर शाहीको अध्यक्षतामा बसेको प्रदेश विकास समस्या समाधान समितिको बैठकले सङ्घीय सरकारसँग वनको अधिकार माग्ने निर्णय गरेको हो ।

'सङ्घीय सरकारसँग समन्वय गरी सङ्घीय वन ऐन लगायत वन क्षेत्रको जग्गा प्राप्ति, भोगाधिकार प्राप्ति तथा रुख कटान सम्बन्धी कार्यमा सहज हुने गरी प्रदेश सरकारलाई नै अधिकार प्रत्यायोजन हुने गरी सङ्घीय वन ऐन संशोधन गर्न सङ्घीय सरकारलाई अनुरोध गरिनेछ,' निर्णयमा भनिएको छ।

त्यस्तै, वन क्षेत्रमा आयोजना निर्माण गर्दा स्वीकृति लिने प्रक्रियालाई पूर्ण रूपमा सरल र सहज बनाइनुपर्ने र निश्चित क्षेत्रफल वा सीमासम्मका सार्वजनिक विकास निर्माणका कार्यहरूका लागि वन स्वीकृति लिनु नपर्ने कानुनी व्यवस्थाका लागि सङ्घीय सरकारसँग अनुरोध गर्ने निर्णय भएको छ ।

यस्ता छन् समितिका अन्य निर्णय

–जिल्ला प्रशासन कार्यालय जाजरकोट मार्फत सशस्त्र प्रहरी बलको कार्यालयको विकल्प खोजी अन्य स्थानमा सारी पशुपन्छी उपचार लगायतका सेवामा सहजताका लागि सङ्घीय सरकारसँग अनुरोध गर्ने ।

–कृषि उत्पादन क्षेत्रका सडक, कर्णाली करिडोर समेतको मर्मत तथा स्तरोन्नति गरी जोखिम न्यूनीकरणका लागि सम्बन्धित सरोकारवाला निकायसँग आवश्यक समन्वय गर्ने तथा आवश्यक स्थानमा वैकल्पिक मार्ग, सङ्कलन केन्द्र, चिस्यान केन्द्रलाई प्राथमिकतामा राखी बजेट व्यवस्थापन गर्न सङ्घीय सरकारलाई अनुरोध गर्ने ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतको अनुरोध

कुनै सार्वजनिक निकायबाट सेवा लिने क्रममा तपाईसँग कुनै कर्मचारी वा बिचौलियाले बहाना बनाई गैर कानूनी रूपमा घुस/रिसवत मागेको वा सार्वजनिक निकायहरूमा भ्रष्टाचारजन्य कसूर भएको सूचना/जानकारी भएमा निम्न माध्यमबाट सम्पर्क गर्नुहुन वा उजुरी दिनुहुन अनुरोध गर्दछौं ।

कार्यालय प्रमुख	चौबिसै घण्टा उपलब्ध हुने मोबाइल नं.	सूचना अधिकारी
९८५८०५२६६६	९८५८०५३४२२	९८५८०७३६६६

इमेल : ciaasurkhet@gmail.com / ciaa.surkhet@ciaa.gov.np

भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेत र काँक्रेविहार राष्ट्रिय दैनिक बिचको समझदारीमा ।

वीरेन्द्रनगर डेन्टल केयर होम
वीरेन्द्रनगर ६, हटियाचोक सुर्खेत
मा उपलब्ध अत्याधुनिक दन्त उपचार सेवाहरू:→

विश्वस्तरीय प्रविधि र अनुभवी दन्त चिकित्सकद्वारा सेवा

१. पूर्ण दन्त परीक्षण: मुख र दाँतको विस्तृत जाँच ।
२. दाँत सफाई: अत्याधुनिक प्रविधिद्वारा दाँत र गिजाको सफाई ।
३. दाँत भर्ने र जरादेखि उपचार (RCT): किराले खाएको दाँतको सुरक्षित उपचार ।
४. दाँत रोप्ने (Dental Implant): हराएको दाँतको स्थायी र प्राकृतिक समाधान ।
५. दाँत बाँध्ने (Braces): टेढोमेढो दाँतलाई सिधा र आकर्षक बनाउने ।
६. नक्कली दाँत राख्ने (Crown/Bridge/Denture): हराएको दाँतको सट्टा नक्कली दाँत राख्ने ।
७. दाँत निकाल्ने: सामान्य र जटिल प्रकारका दाँत निकाल्ने सेवा ।
८. लेजर र कस्मेटिक उपचार: आधुनिक प्रविधिबाट दाँत र मुस्कानलाई सुन्दर बनाउने ।
९. बाल दन्त चिकित्सा: बालबालिकाहरूको दन्त स्वास्थ्यको विशेष हेरचाह ।

तपाईको दन्त स्वास्थ्यसँग सम्बन्धित जुनसुकै समस्याको लागि हामीलाई सम्पर्क गर्नुहोस्।

आधुनिक प्रविधि | सुरक्षित उपचार | उत्कृष्ट सेवा

सम्पर्क : स्थान: वीरेन्द्रनगर ६, हटिया चोक, सुर्खेत फोन नम्बरहरू: ९८५८०५११६४, ९८५८०६१७६९, ९७१२०५५५६५

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०७/१७

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सुर्खेत (सात्विक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री गोमा कुमारी गिरी** धनी रहेको, **दर्ता नम्बर** २५०८/०७२/०७३ बाट **वीरेन्द्रनगर-१, सुर्खेत**मा सञ्चालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **श्री गोमा पोल्ट्र फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००,
Email : ekankrebihardaily@gmail.com, web : kankrebihar.com सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)